

देखिए मध्यस्थताका लागि युनियनको व्यवस्था हुनुपर्ने बताए । सांसद सोमप्रसाद पाण्डेले उद्योग व्यवसायमा बन्द हडताल नहुने वातावरण सृजना गर्नु राम्रो भए पनि युनियन आवश्यक पर्ने धारणा राखे । उद्योग मन्त्रालयले तयार पारेको प्रस्तावित ऐनको विधेयकको दफा ४३ मा 'उद्योगलाई हानिनोक्सानी हुने काम गर्न नपाउने, विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगमा कार्यरत कामदार वा कर्मचारीले उद्योग र उत्पादनमा प्रतिकूल असर पर्ने गरी कुनै काम कारबाही गर्न पाउनेछैन' भन्ने व्यवस्था छ ।

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव याम कुमारी खतिवडाले भने सेजमा युनियन खडा गर्दा समस्या आउने बताइन् । उनले भनिन्, 'बन्द हडताल तथा युनियनको सहभागिता नहुने भनेकाले नै सेजमा उद्योगहरू आउन उत्साहित भएका हुन् । ट्रेड युनियनको व्यवस्थाले त्यो उत्साहलाई घटाउनेछ ।'

सोमबारको छलफलमा विदेशी श्रमिकले तलबको कति रकम स्वदेश लैजान सक्नेछन् भन्ने व्यवस्थाका विषयमा पनि छलफल भएको थियो तर निर्णय हुन नसकेको समितिले जानकारी दिएको छ । विधेयकले विदेशी श्रमिकले तलबको ९९ प्रतिशत रकम लान सक्ने व्यवस्था गरेको छ । तर, सांसदहरूले उक्त व्यवस्थालाई ७० प्रतिशतको हाराहारीमा राख्नुपर्ने माग गरेका छन् ।

# पशु वधशाला बनाउन प्रदेश सरकारको तयारी

हेटौंडा (अस) । सरकारले पशु वधशाला तथा मासु जाँच ऐन ल्याएको २० वर्षपछि प्रदेश नम्बर ३ सरकारले पशु वधशाला निर्माणमा चासो देखाएको छ । हेटौंडामा पशुवधशाला निर्माण गर्न प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले प्रस्ताव आह्वान गरेको छ । सरकारले २०६० मा हेटौंडा नगरक्षेत्रमा पशु वधशाला तथा मासु जाँच ऐन लागू गर्ने घोषणा गरेको थियो ।

उपभोक्ताले गुणस्तरीय मासु उपभोग गर्न पाउने अधिकार कार्यान्वयनका लागि र पशुको जथाभावी वध रोक्न वधशाला निर्माण गर्न लागिएको मन्त्रालयका सचिव निर्मल गदालले जानकारी दिए । हेटौंडाका मासु पसलमा राखिएका मासु अस्वस्थकर भएको सर्वसाधारणले बारम्बार गुनासो गर्दै आएका छन् ।

हेटौंडा उपमहानगर प्रमुख हरिबहादुर महतले मासु जाँच ऐनअनुसार स्वस्थ मासु बिक्री थाल्ने प्रतिबद्धता व्यक्त गरे । व्यवस्थित पशु वधशाला निर्माणका लागि उपयुक्त स्थान खोजीका लागि उपप्रमुख मीना लामाको अध्यक्षतामा गतवर्ष नै समिति गठन गरिएको थियो ।

वधशाला निर्माणमा प्रदेश सरकारले १० करोड रुपैयाँ विनियोजन गरेको थियो । प्रस्तावअनुसार प्रदेशका १३ ओटै जिल्लाका इच्छुक साझेदारले वधशाला निर्माणका लागि प्रस्ताव पेश गर्न सक्नेछन् । प्रक्रिया पुगेका प्रस्तावमध्ये आवश्यकता र प्राथमिकताका आधारमा हाललाई ७ जिल्लाका लागि वधशाला निर्माण गर्ने सम्झौता हुने सचिव गदालले जानकारी दिए । सम्झौता भएको एक वर्षभित्र निर्माण सम्पन्न गर्ने लक्ष्य लिएको मन्त्रालयले बताएको छ ।


साङ्ग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.

(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)

Head Office: Baluwatar, Kathmandu Ph: 01-4421861/62

## Interest Rates (Per Annum) Effective from 2075.11.14

| DEPOSITS | | | | LOANS (Rate) | |
|---|---|---|---|---|---|
| Product Type | Min Bal. | Interest Rate | Posting Frequency | *Individual Loans* | *Premium Rate* |
| Margin, Loan Operating, Current A/c | 0 to 5,000 | - | NA | Personal OD | Upto 5.5% |
| CALL DEPOSITS | | | | Easy Term | Upto 5% |
| Co-Ops Call Account | 1,000.00 | Upto 7% | Quarterly | Home Loan | Upto 4.5% |
| BFI Call Account | 5,000.00 | Upto 7% | Quarterly | Hire Purchase Loan | Upto 5% |
| Corporate Call A/C | 100.00 | Upto 7% | Quarterly | Share/Security Loan | Upto 4.5% |
| Call Account Others | 100.00 | Upto 7% | Quarterly | Guarantee Loan | Upto 5.5% |
| Special Call A/c | 5,000.00 | Upto 1% | Quarterly | Gold And Silver Loan | Upto 4.5% |
| SAVING DEPOSITS | | | | Foreign Employment | Upto 5% |
| Staff Saving Account | - | 7% | Quarterly | Education Loan | Upto 5% |
| Normal Saving Account | 100.00 | 7% | Quarterly | Auto Loan - Private | Upto 4.5% |
| Bal Bhabishya Bachat | 100.00 | 7% | Quarterly | Consortium Loan | As per agreement |
| Pewa Bachat | 200.00 | 7% | Quarterly | Loan Against FDR | Upto Coupon Rate + 3% |
| Jestha Nagarik Bachat | 500.00 | 7% | Monthly | *Corporate Loans* | |
| Gurkha Saving | 500.00 | 7% | Quarterly | Business OD | Upto 4.5% |
| Salary Saving | - | 7% | Quarterly | Term Loan | Upto 4% |
| Shareholder Saving | 100.00 | 7% | Quarterly | Vehicle Loan | Upto 4% |
| Super Saving | 1,000.00 | 7% | Quarterly | SME Loan - OD | Upto 4.5% |
| Bidhharthi Bachat | 100.00 | 7% | Quarterly | SME Loan - Term | Upto 4%* |
| Remittance Saving | 100.00 | 7% | Quarterly | Import Loan - OD & Term | Upto 4.5% |
| Group Saving-MF | - | 7% | Quarterly | Agriculture Loan - OD | Upto 4.5% |
| Personal Saving-MF | - | 7% | Quarterly | Agriculture Loan - Term | Upto 4% |
| Providend Fund Account | - | 7% | Quarterly | Industry Loan - OD | Upto 4.5% |
| Recurring Account | 100.00 | 7% | Quarterly | Industry Loan - Term | Upto 4% |
| Premium Bachat | 5,000.00 | 7% | Quarterly | Energy Loan - OD | Upto 4.5% |
| Samajik Surakchya Bachat | - | 7% | Quarterly | Energy Loan - Term | Upto 4% |

| *Period* | FIXED (Qtrly/ Maturity) | For Institutions and Individuals | | |
|---|---|---|---|---|
| | | | Tourism Loan - OD | Upto 4.5% |
| | | | Tourism Loan - Term | Upto 4% |
| 3 Months | 10% | | Real Estate Loan - OD | Upto 5.5% |
| 6 Months | 10% | | Real Estate Loan - Term | Upto 5% |
| 9 Months | 10% | | *Deprived Sector Loans* | |
| 1 Year | 10% | | Deprived - General | Upto 7.5% |
| 1 Year and Upto 2 Years | 10% | | Micro Enterprise | Upto 6.5% |
| 3 Years to 5 Years | 10% | | Low - Cost Housing | Upto 5.5% |
| Super Fixed Deposits (Upto 1 Year) (3/6/9/12 Months) | 10% @ Monthly | | Deprived Loan- Other | Upto 5.5% |
| | | | Micro Hydro | Upto 4% |
| Endowment Fund | Equal to 2 Years FD Quarterly Rate | | Wholesale Lending | Upto 3.5% |

As of Poush End, 2075 Base Rate : 11.6 % Interest Spread : 4.83%

Note : Interest Rate of Loans and Advances shall be Base Rate Plus Premium Rates.

www.shangrilabank.com



केन्द्रीय कार्यालय, शहिदपथ, नारायणगढ, चितवन

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

प्रकाशित मितिः २०७५/११/१४

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको वित्तीय कारोबार गर्न ईजाजतपत्र प्राप्त हाल ७१ जिल्लामा ११९ शाखाहरु मार्फत लघुवित्त सेवा प्रदान गर्दै आएको राष्ट्रिय स्तरको यस डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडमा देहाय बमोजिमका योग्यता पुगेका ग्रामीण क्षेत्रमा काम गर्न प्रतिबद्ध "घ" वर्गको लघुवित्त वित्तीय संस्थामा अनुभव भएका ईच्छुक तथा अनुभवी नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस वित्तीय संस्थाको सम्पर्क कार्यालय कुलेश्वर काठमाण्डौ वा ईमेल vacancy@ddbank.org.np मार्फत आईपुग्ने गरी आफ्नो योग्यता, अनुभव, नागरिकता प्रमाणपत्रको प्रतिलिपी सहित यस वित्तीय संस्थाले तोकेको ढाँचामा रितपुर्वक दरखास्त आह्वान गरिन्छ ।

### १. विज्ञापन नं. ६/२०७५/०७६ (खुल्ला)

(क) पद : प्रबन्धक (ख) पद संख्या : १ (एक) (ग) श्रेणी : व्यवस्थापकीय

(घ) शैक्षिक योग्यता/अनुभव : मान्यता प्राप्त शैक्षिक संस्थाबाट ACCA/CA उत्तीर्ण गरी वरिष्ठ अधिकृत पदमा कम्तिमा २ वर्षको लघुवित्त वा बैंक वा वित्तीय क्षेत्रको अनुभव भएको ।

(ङ) उमेर : दरखास्त दिने अन्तिम मितिमा २५ वर्ष पुरा भई ३५ वर्ष ननाघेको ।

### २. विज्ञापन नं. ७/२०७५/०७६ (खुल्ला)

(क) पद : वरिष्ठ अधिकृत (ख) पद संख्या : १ (एक) (ग) श्रेणी : अधिकृत

(घ) शैक्षिक योग्यता/अनुभव : मान्यता प्राप्त शैक्षिक संस्थाबाट ACCA/CA उत्तीर्ण गरेको ।

(ङ) उमेर : दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको ।

### ३. विज्ञापन नं. ८/२०७५/०७६ (खुल्ला)

(क) पद : वरिष्ठ अधिकृत (ख) पद संख्या : १ (एक) (ग) श्रेणी : अधिकृत

(घ) शैक्षिक योग्यता/अनुभव : स्नातक तह वा सो सरह उत्तीर्ण गरी सचना प्रविधिसंग सम्बन्धित अधिकृत पदमा कम्तिमा ४ वर्षको लघुवित्त वा बैंक वा वित्तीय क्षेत्रको अनुभव भएको ।

(ङ) उमेर : दरखास्त दिने अन्तिम मितिमा ३० वर्ष पुरा भई ५० वर्ष ननाघेको ।

### ४. विज्ञापन नं. ९/२०७५/०७६ (खुल्ला)

(क) पद : अधिकृत (ख) पद संख्या : १ (एक) (ग) श्रेणी : अधिकृत

(घ) शैक्षिक योग्यता/अनुभव : सूचना प्रविधि (IT) विषयमा स्नातक वा सो सरह उत्तीर्ण गरी सूचना प्रविधिसंग सम्बन्धित सहायक अधिकृत पदमा कम्तिमा ३ वर्षको लघुवित्त वा बैंक वा वित्तीय क्षेत्रको अनुभव भएको ।

(ङ) उमेर : दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको ।

### ५. विज्ञापन नं. १०/२०७५/०७६ (खुल्ला)

(क) पद : सहायक अधिकृत (ख) पद संख्या : १ (एक) (ग) श्रेणी : अधिकृत

(घ) शैक्षिक योग्यता/अनुभव : सूचना प्रविधि (IT) विषयमा स्नातक वा सो सरह उत्तीर्ण गरेको ।

(ङ) उमेर : दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको ।

### ६. विज्ञापन नं. ११/२०७५/०७६ (खुल्ला)

(क) पद : चालक (ख) पद संख्या : १ (एक) (ग) श्रेणी : सहयोगी

(घ) शैक्षिक योग्यता/अनुभव : सामान्य लेखपढ गर्न सक्ने र हल्का चार पाङ्ग्रे सवारी साधन चलाउन सक्ने र ३ वर्षको कार्य अनुभव भएको ।

(ङ) उमेर : दरखास्त दिने अन्तिम मितिमा २५ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

### अन्य जानकारी :

१. दरखास्त फारम यस वित्तीय संस्थाको वेबसाईट https://www.ddbank.org.np/downloads/NoticeFromHR/vacancyApplicationForm.pdf बाट डाउनलोड गरी प्राप्त गर्न सकिने छ ।
२. परीक्षाको किसिम प्रस्तुतीकरण र अन्तर्वार्ता हुनेछ ।
३. यस वित्तीय संस्थाका बहालवाला कर्मचारीहरुलाई उमेरको हद लाग्ने छैन ।
४. रित पुर्वक प्राप्त निवेदनहरु मध्येबाट संस्थाको आवश्यकता अनुसार छानबिन गरी प्रारम्भिक छोटो सूची तयार गरिनेछ । छोटो सूचीमा परेका निवेदकहरुलाई मात्र परीक्षा दस्तुर लिई परीक्षामा सहभागी गराईनेछ । परीक्षा हुने मिति, स्थान र समयको सूचना फोन वा संस्थाको वेबसाईटबाट जानकारी गराइनेछ ।
५. प्रबन्धक, वरिष्ठ अधिकृत, अधिकृत, सहायक अधिकृत र चालकको लागि क्रमशः रु. १,३००/०० रु. १,१००/००, रु. ९००/००, रु. ७००/००, र रु. २००/०० परीक्षा दस्तुर लाग्नेछ ।
६. प्राप्त दरखास्त फारमहरु मध्ये कुनै वा सबै कुनै कारण जनाई वा नजनाई, अस्वीकृत गर्न सक्ने अधिकार वित्तीय संस्थामा सुरक्षित रहनेछ ।